नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्था

## संस्था र एसिसिए यूके बीच सदस्यता प्राप्त गर्ने मार्ग कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७६-प्रथम संशोधन २०८३

सार्वजनिक हितलाई मध्यनजर गर्दै आपसी सहकार्य र सहयोगको माध्यमबाट लेखा व्यवसाय र लेखा व्यवसायी सदस्यहरुको समग्र विकासमा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २७ र दफा ११(य) ले दिएको अधिकार प्रयोग गरी संस्था र एसिसिए यूकेबीच सन् २०१९ मे ०१ देखि लागू हुने गरी भएको पारस्परिक सहयोग सम्बन्धी सम्झौता अनुसार एक संस्थाका सदस्यले अर्को संस्थाको सदस्यता प्राप्त गर्ने मार्गको प्रकृयालाई नियमित तथा व्यवस्थित गर्नका लागि परिषदको मिति २०७६ साल जेठ ३ गते बसेको २३३ औं बैठकले यो कार्यविधि पारित गरी जारी गरेको छ ।

### परिच्छेद १
### परिचय र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधिको नाम "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, संस्था र एसिसिए यूके बीच सदस्यता प्राप्त गर्ने मार्ग कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७६" रहनेछ ।

१.२ यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) 'ऐन' भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन ,२०५३ सम्झनुपर्छ ।
(ख) 'नियमावली' भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (संसोधन सहित) नियमावली, २०६१ सम्झनुपर्छ ।
(ग) 'संस्था' भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सम्झनुपर्छ ।
(घ) 'परिषद' भन्नाले ऐनको दफा ७ बमोजिम गठन भएको परिषद सम्झनुपर्छ ।
[१]**(ङ) "शिक्षा तथा पाठ्यक्रम विभाग" भन्नाले यस संस्थाको स्वीकृत सगंठन संरचना अन्तर्गतको शिक्षा तथा पाठ्यक्रम विभागलाई जनाउनेछ ।**
(च) 'कार्यविधि' भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, संस्था र एसिसिए यूके बीच सदस्यता प्राप्त गर्ने मार्ग कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७६ सम्झनुपर्छ ।
(छ) आधारभुत तह" भन्नाले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको आधारभुत तह/CAP-I सम्झनुपर्छ ।
(ज) "मध्यम तह" भन्नाले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तह/CAP-II सम्झनुपर्छ ।
(झ) "अन्तिम तह" भन्नाले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको अन्तिम तह/CAP-III सम्झनुपर्छ ।
(ञ) "एसिसिए युके" भन्नाले बेलायतको एशोसिएसन अफ चार्टर्ड सर्टिफाइड एकाउन्टेन्ट्सलाई सम्झनु पर्दछ।

[१] **प्रथम संशोधनद्वारा संशोधित**

(ट) पंजिकृत प्रशिक्षण (Articleship Training) भन्नाले संस्थाको नियमावलीको परिच्छेद ३ अन्तर्गत चार्टर्ड एकाउन्टेन्सी शिक्षा अन्तिम तहका विद्यार्थीहरुले पुरा गर्नुपर्ने ३ वर्षको प्रशिक्षण र तत् सम्बन्धी व्यवस्थाहरु सम्झनुपर्दछ ।

(ठ) व्यवहारिक तालिमको आवश्यकता (Practical Experience Requirement) भन्नाले एसिसिए यूकेको सदस्यता प्राप्त गर्नको लागि पुरा गर्नुपर्ने ३६ महिनाको व्यवहारिक तालिम तथा तत् सम्बन्धी व्यवस्थाहरु सम्झनुपर्दछ ।

## परिच्छेद २
## सदस्यता प्राप्त गर्ने मार्ग, परीक्षा र तालिम

### ३. सदस्यता प्राप्त गर्ने मार्ग

३.१ संस्था र एसिसिए यूकेका इच्छुक सदस्यहरुले एक अर्को संस्थाको सदस्यता प्राप्त गर्नको लागि यस कार्यविधिको व्यवस्था पालना गर्नुपर्नेछ ।

### ४. सदस्यता परीक्षा सम्बन्धी व्यवस्था

४.१ संस्थाले एसिसिए यूकेबाट उक्त संस्थाको अन्तिम तहको परीक्षा उत्तीर्ण गरेको र व्यवहारिक तालिमको आवश्यकता पुरा गरी सो संस्थाको सदस्यता प्राप्त व्यक्तिलाई चार्टर्ड एकाउन्टेन्सी शिक्षाको आधारभुत तह/CAP-I र चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तह/CAP-II को सम्पुर्ण विषय तथा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको अन्तिम तह/CAP-III को Advanced Financial Reporting र Strategic Management and Decision Making Analysis विषय छुटको सुविधा दिनेछ ।

४.२ कार्यविधि ४.१ अनुसार विषय छुटको सुविधा प्राप्त गरेपछि एसिसिए यूकेका सदस्यहरुले संस्थाको सदस्यताको लागि अन्तिम तह/CAP III को प्रथम समूहका बाँकि तीन विषय र दोस्रो समूहका बाँकि तीन विषयको परीक्षा उत्तिण गर्नुपर्नेछ । उपरोक्त परीक्षामा उतिर्ण हुनको लागि प्रत्येक विषयमा कम्तिमा चालिस प्रतिशत र प्रत्येक समूहमा कम्तिमा पचास प्रतिशत औशत अंक प्राप्त गरेको हुनुपर्नेछ । उपरोक्त परीक्षामा सम्मिलित परीक्षार्थीहरुले कुनै समूहका कुनै विषयमा कम्तिमा तीस प्रतिशत अंक प्राप्त गरेको र कुनै विषयमा कम्तिमा साठी प्रतिशत अंक प्राप्त गरेको रहेछ भने त्यसपछि लगत्तै दिएको तीन पटकको परीक्षासम्म कम्तिमा साठी प्रतिशत अंक प्राप्त गरेको विषयमा निजले विषय छुट पाउनेछ र त्यस्तो विषयमा परीक्षा पुन दिनुपर्ने छैन । यस सम्बन्धी अन्य व्यवस्था नियमावलीको नियम १५ र नियम १६ बमोजिम हुनेछ र यस सन्दर्भमा समूह भन्नाले तीन तीन विषय रहेको नियम १५(१) बमोजिम प्रकृति भएको समूह जनाउँदछ ।

४.३ सदस्यता परीक्षामा प्रथम पटक सामेल हुनको लागि कार्यविधि थ बमोजिम १ वर्षको पंजिकृत प्रशिक्षण सम्पन्न गर्नुपर्ने एसिसिए सदस्यहरुले कम्तिमा छ महिनाको तालिम अवधि पश्चात् मात्र परीक्षा फारम भर्न सक्नेछन् भने २ वर्षको पंजिकृत प्रशिक्षण सम्पन्न गर्नुपर्ने एसिसिए सदस्यहरुले कम्तिमा १ वर्षको तालिम अवधि पश्चात् मात्र परीक्षा फारम भर्न सक्नेछन् ।

४.४ संस्थाका सदस्यहरुले एसिसिए यूकेको सदस्यता प्राप्त गर्न चाहेमा एसिसिए शिक्षाको Strategic Professional Examinations तहको कार्यविधि ४.५ मा उल्लेखित बाहेकको सम्पूर्ण विषयको विषय छुटको सुविधा पाउनेछन् ।

४.५ संस्थाका सदस्यहरुले एसिसिए, यूकेको निम्नानुसार उल्लेखित तिन वटा विषय र एउटा Case Study सहित चार वटाको परीक्षा उत्तिर्ण गर्नुपर्नेछः

१. तलका चार मध्ये दुई विषयहरु :
- Advanced Taxation
- Advanced Audit and Assurance
- Advanced Performance Management
- Advanced Financial Management

२. Strategic Business Reporting
३. Strategic Business Leader (Case Study)

४.६ कार्यविधि ४.५ मा उल्लेखित विषयहरुको उतिर्णाक र यस सम्बन्धी अन्य व्यवस्था एसिसिए यूकेले तोके बमाजिम हुनेछ ।

४.७ कार्यविधि ४.५ को अतिरिक्त संस्थाका सदस्यहरुले ACCA's online Ethics and Professional Skills Module पनि सम्पन्न गर्नुपर्नेछ ।

४.८ संस्था र एसिसिए यूके दुवैले प्रदान गरेका विषय छुटहरु यस कार्यविधि जारी गर्दाको बखतमा कायम रहेको पाठ्यक्रममा आधारित रहेको छ । कुनै पक्षको पाठ्यक्रम परिवर्तन भई अर्को पक्षलाई जानकारी गराइएपछि दूवै पक्षबीचको सम्झौता र यो कार्यविधि पुनरावलोकन हुन सक्नेछ ।

## ५. तालिम सम्बन्धी व्यवस्था

५.१ एसिसिए यूकेका सदस्यहरुले संस्थाका पेशागत प्रमाणपत्रप्राप्त चार्टर्ड एकाउन्टेन्ट सदस्यहरुबाट तीन वर्ष अवधिको व्यवहारिक तालिमको आवश्यकता (Practical Experience Requirement) पुरा गरेको भएमा संस्थाको कुल पंजिकृत प्रशिक्षण अवधि मध्ये २ वर्ष अवधिको पंजिकृत प्रशिक्षणको आवश्यकता छुट प्राप्त गर्नेछन् । अन्य सबै अवस्थामा संस्थाको १ वर्ष अवधिको पंजिकृत प्रशिक्षणको आवश्यकता छुट प्राप्त गर्नेछन् ।

५.२ एसिसिए यूकेका सदस्यहरुले संस्थाको कुल तीन वर्ष अवधिको पंजिकृत प्रशिक्षण बाट कार्यविधि ५.१ मा भएको छुट कटाई बाँकि अवधिको लागि पेशागत प्रमाणपत्रप्राप्त चार्टर्ड एकाउन्टेन्टसँग तोकिएको ढाँचामा सम्झौता गरी पंजिकृत प्रशिक्षण सम्पन्न गर्नुपर्नेछ ।

५.३ कार्यविधि ५.१ मा उल्लेख गरिएको तीन वर्ष अवधिको व्यवहारिक तालिमको आवश्यकता (Practical Experience Requirement) एसिसिए यूकेको सदस्यता लिनको लागि एसिसिए यूकेलाई पेश गरेकै तालिम हुनुपर्दछ ।

५.४ कार्यविधि ५.३ अनुसार मान्यता दिइएको तालिम बाहेक संस्थामा सदस्यता प्राप्त गर्ने मार्गको लागि दर्ता हुनु भन्दा अघि सम्पन्न गरेको कुनै पनि तालिमलाई मान्यता दिइनेछैन तर सदस्यता प्राप्त गर्ने मार्गको लागि दर्ता हुने निवेदकले दर्ता हुनु १ महिना अघि देखि शुरु भएको तालिम लाई मान्यता प्रदान गरिनेछ । तर यस अघि कायम रहेको कार्यविधि अनुसार संस्थाको अन्तिम तह /CAP III मा दर्ता भएका एसिसिए सदस्यहरुले नयाँ कार्यविधि अनुसार दर्ता हुन चाहेमा पूरा गर्नुपर्ने तालिमको अवधि कार्यविधि १२ बमोजिम हुनेछ ।

५.५ कार्यविधि ५.२ को व्यवस्था अनुसार पुरा गर्नुपर्ने तालिम अवधि भर प्रशिक्षार्थी एसिसिए सदस्यहरुले सार्वजनिक विदा बाहेक वर्षको ३० दिनको आधारमा विदा पाउनेछन् । यस सम्बन्धी अन्य व्यवस्था नियमवालीको नियम ३४ अनुसार हुनेछ ।

५.६ एसिसिए सदस्यहरुले यस कार्यविधि अनुसार पंजिकृत प्रशिक्षण लिन शुरु गरेपछि प्रत्येक ६ महिनाको प्रशिक्षणको विवरण तोकिएको ढाँचामा ६ महिना व्यतित भएको १ महिना भित्र संस्थामा पेश गर्नुपर्नेछ ।

५.७ संस्थाका सदस्यहरुले एसिसिए यूकेको तीन वर्ष अवधिको व्यवहारिक तालिमको आवश्यकता (Practical Experience Requirement) छुट प्राप्त गर्नेछन् । तर यो तालिम एसिसिए यूकेको Practical Experience Training Framework मा अभिलेखिकरण हुनुपर्ने छ ।

## परिच्छेद ३
## आवेदन र नाम दर्ता

### ६. सदस्यता प्राप्त गर्ने मार्गको लागि निवेदन दिनुपर्ने

६.१ कार्यविधि ४.१ बमोजिम संस्थाको सदस्यता प्राप्त गर्ने मार्गको लागि योग्य एसिसिए सदस्यहरुले संस्थामा तोकिए बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ । यसरी निवेदन पेश गर्दा निम्न बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्ने छ ।

(क) एसिसिए यूके बाट सो संस्थाको एसिसिए शिक्षाको सम्पूर्ण तहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र र लब्धाङकपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) एसिसिए यूकेले प्रमाणित गरेको सदस्यता प्राप्त गर्न व्यवहारिक तालिमको आवश्यकता सम्पन्न गरेको प्रमाणपत्र ।

(ग) एसिसिए यूके बाट जारी भएको सदस्यता प्रमाण पत्र ।

(घ) कार्यविधि ५.२ को व्यवस्था अनुसार संस्थाको पेशागत प्रमाणपत्रप्राप्त चार्टर्ड एकाउन्टेन्ट सदस्यसँग पंजिकृत प्रशिक्षणको लागि तोकिए बमोजिमको ढाँचामा गरिएको सम्झौता (Articleship Deed) को प्रति ।

(ङ) नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(च) परिषदले उपयुक्त ठहराएका अन्य कागजातहरु ।

६.२ निवेदनका साथ अन्तिम तह/CAP-III दर्ता गर्न लाग्ने शुल्क, आवेदन शूल्क र विषय छुट शुल्क वापतको रकम बुझाई सो को रसिद समेत संलग्न गर्नुपर्नेछ ।

६.३ संस्थाका सदस्यहरुले एसिसिए यूकेको सदस्यता प्राप्त गर्ने मार्गको लागि एसिसिए यूकेले तोकेको प्रकृया बमोजिम एसिसिए यूके समक्ष आवेदन दिनुपर्नेछ ।

## ७. संस्थाले सदस्यता प्रदान गर्ने

७.१ एसिसिए यूकेका सदस्यहरुले कार्यविधि ४ बमोजिमको परीक्षा उत्तिर्ण गरेपछि र कार्यविधि ५ बमोजिमको पंजिकृत प्रशिक्षण सम्पन्न गरेपछि संस्थाको सदस्यताको लागि योग्य हुनेछन् । तर नियमावलीको नियम ४० को व्यवस्था अनुसार एसिसिए यूकेका सदस्यहरुले एसिसिए यूकेबाट पेशागत प्रमाणपत्र प्राप्त गरेको हुनुपर्दछ ।

७.२ कार्यविधि ७.१ सम्बन्धी अन्य प्रक्रिया संस्थाको सदस्यता सम्बन्धि रहेको यथावत व्यवस्था अनुसार हुनेछ ।

७.३ संस्थाका सदस्यहरुले कार्यविधि ४ र कार्यविधि ५ को आवश्यकता पुरा गरी सदस्यता लिने सम्बन्धी अन्य व्यवस्था एसिसिए यूकेले तोके बमोजिम हुनेछ ।

## ८. निवेदन उपर छानविन प्रकृया

८.१ कार्यविधि ६ बमोजिम नाम दर्ता गराउने व्यक्तिको कागजातहरु आवश्यक प्रकृयाको लागि बोर्ड अफ स्टडिज समक्ष पेश गरिने छ । यसरी प्राप्त हुन आएका कागजात उपर छानविन गरी [१]**शिक्षा तथा पाठ्यक्रम विभाग**ले निवेदन प्राप्त भएको पन्ध्र कार्यदिन भित्र नाम दर्ता गर्नेछ ।

८.२ कार्यविधि ८.१ बमोजिम [१]**शिक्षा तथा पाठ्यक्रम विभाग**ले गरेको निर्णय सम्बन्धित व्यक्तिलाई जानकारी गराइनेछ ।

८.३ उपरोक्त बमोजिम छानबिन गर्दा बिषय छुट दिन नमिल्ने देखिएमा दर्ता शुल्क र बिषय छुट शुल्क रकम फिर्ता गरिनेछ ।[६]

[१] **प्रथम संशोधनद्वारा संशोधित**

## परिच्छेद ४
## शुल्क

### ९. आवेदन, दर्ता, विषय छुट तथा परीक्षा शुल्क

९.१ विषय छुट सम्वन्धी आवेदन शूल्क रु. २५,००० (रु. पच्चीस हजार) लाग्नेछ ।

९.२ आधारभुत तह/CAP-I र मध्यम तह/CAP-II का सम्पुर्ण विषयको विषय छुट शूल्क प्रति विषय रु. ५,००० (पाँच हजार) लाग्नेछ । अन्तिम तह/CAP-III का उल्लेखित विषयको विषय छुट शूल्क प्रति विषय रु. १०,००० (दश हजार) लाग्नेछ ।

९.३ सदस्यता प्राप्त गर्ने मार्गको लागि अन्तिम तह/CAP-III लाई लाग्ने दर्ता शूल्क सरहको दर्ता शूल्क लाग्नेछ ।

९.४ एसिसिए सदस्यहरुले सदस्यता प्राप्त गर्ने मार्ग अन्तर्गत दिनुपर्ने परीक्षाको प्रति विषय परीक्षा शूल्क अन्तिम तह/CAP-III सरह वा परिषदले समय समयमा तोके बमोजिम हुनेछ ।

९.५ संस्थाका सदस्यहरुले एसिसिए यूकेको सदस्यता प्राप्त गर्नको लागि बुझाउनुपर्ने शूल्क र यस सम्बन्धि अन्य प्रक्रिया एसिसिए यूकेले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ५
## अन्य व्यवस्था

### १०. ऐन तथा नियमावली लागू हुने

१०.१ यस कार्यविधिमा व्यवस्था गरिएका विषयवस्तु बाहेक सदस्यता प्राप्त गर्ने मार्ग अन्तर्गत नाम दर्ता गराएका एसिसिए सदस्यहरुलाई चार्टर्ड एकाउन्टेन्सी शिक्षा अध्ययन सम्बन्धी ऐन तथा नियमका अन्य सम्पुर्ण व्यवस्थाहरु यथावत लागु हुनेछ । त्यसैगरी यस कार्यविधिले आधार मानेका ऐन नियमका व्यवस्थाहरुमा परिवर्तन भएमा यो कार्यविधिका उपरोक्त व्यवस्थाहरु तत्काल संशोधन भएको मानिनेछ ।

### ११. कार्यविधि संसोधन, व्याख्या तथा बाधा अडकाउ फुकाउने :

११.१ यस कार्यविधिको संसोधन, व्याख्या तथा बाधा अडकाउ फुकाउने अधिकार परिषदमा निहित रहने छ । संस्था र एसिसिए यूकेबीच भएको सम्झौतामा कुनै संशोधन भई यस कार्यविधिमा कुनै संशोधन गर्नुपरेमा परिषदको स्वीकृति लिई गरिनेछ ।

## १२. खारेजी तथा बचाउ

१२.१ यस अघि संस्थाबाट जारी गरिएको “नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, एसिसिए यूके विषय छुट सम्बन्धि कार्यविधि, २०७१” खारेज गरिएको छ तर सो कार्यविधि अन्तर्गत दर्ता भईसकेका एसिसिए सदस्यहरुले यस कार्यविधि बमोजिम दर्ता हुनको लागि यसै कार्यविधिको आवश्यकता पुरा गरि निवेदन दिन चाहेमा निवेदन दिन सक्नेछन् । यसरी निवेदन दिँदा पहिला तिरेको शुल्क घटाई बाँकि शूल्क मात्र बुझाउनु पर्नेछ र उपरोक्त कार्यविधि अनुसार सम्पन्न गरेको तालिमलाई यसै कार्यविधिअनुसार पुरा गर्नुपर्ने तालिम अवधिमा समायोजन गरिनेछ । पुरानो कार्यविधिको व्यवस्था अनुसार कुनै समुह उत्तिर्ण गरिसकेको वा कुनै विषयमा छुट (Exemption) प्राप्त गरेको भए सो यसै कार्यविधि अनुसार भएको मानिनेछ । यसैगरी नयाँ कार्यविधि अनुसार दर्ता हुने सम्पूर्ण एसिसिए सदस्यहरुले योग्यता परीक्षा (Pre-Test) दिनुपर्ने छैन ।

अन्यथा, दर्ता भईसकेका विद्यार्थीको हकमा पहिला कायम रहेको कार्यविधिको व्यवस्था यथावत लागू हुनेछ।